म.जि.प्र.का दर्ता नः
१०४/०६७/०६८

हेटौंडा, मकवानपुर

म.जि.हु.का.द.नं.
३०/०६९/०७०

बागमती प्रदेशको राजधानी हेटौंडाबाट प्रकाशित लोकप्रिय 'क' वर्गको समाचारपत्र

# समृद्ध समाज

SAMRIDDHA SAMAJ NATIONAL DAILY राष्ट्रिय दैनिक

वर्ष:१५ अङ्क:- २४२ २०८१ साउन १० गते बिहीबार 25 July 2024, Thursday - पृष्ठ ४ मूल्य रु. ५/-

## श्रीमान् श्रीमति मृत् भेटिए
## हत्यापछि आत्महत्याको आशंका

हेटौंडाः हेटौंडा-५, चिसापानीमा श्रीमान् श्रीमति मृत भेटिएका छन् । घरमै श्रीमतिको धारिलो हतियार प्रयोग गरी हत्या भएको जस्तो देखिन्छ भने श्रीमान् झुण्डिएको अवस्थामा मृत भेटिएको छ । वडा प्रहरी कार्यालयका अनुसार ६२ बर्षीय केशव भण्डारी र ५६ बर्षीय अम्बिका भण्डारी मृत भेटिएको हो । मकवानपुर प्रहरी प्रवक्ता डिएसपी लक्ष्मी भण्डारीका अनुसार आफ्नै घरको कोठाभित्र श्रीमान केशव झुण्डिएको अवस्थामा फेला परेका हुन् । श्रीमती अम्बिकामाथि भने धारिलो हतियार प्रहार गरेको देखिएको प्रहरीले जनाएको छ। हेटौंडा अस्पतालबाट पनि चिकित्सकको टोली खटिएर अनुसन्धान अघि बढाएको थियो । प्रहरीले घटनाबारे अनुसन्धान गरिरहेको छ।

# मुख्यमन्त्री बहादुर सिं लामा र ९ मन्त्रीले लिए सपथ



*मुख्यमन्त्री नियुक्त हुनुभएका लामालाई सपथ गराउनुहुँदै प्रदेश प्रमुख यादवचन्द्र शर्मा ।*

समाज संवाददाता

हेटौंडाः बागमती प्रदेशका मुख्यमन्त्री बहादुर सिं लामाले पद तथा गोपनियताको सपथ ग्रहण गर्नुभएको छ। प्रदेश प्रमुखको कार्यालयमा एक समारोह बीच बुधबार बिहान कांग्रेस संसदीय दलका नेता बहादुर सिं लामालाई प्रदेश प्रमुख यादवचन्द्र शर्माले पद तथा गोपनियताको सपथ ग्रहण गराउनुभएको हो ।

नेपालको संविधानको धारा १६८ को २ अनुसार साउन ८ मा मुख्यमन्त्री नियुक्त हुनुभएका लामा प्रदेशको पाँचौं मुख्यमन्त्री हुनुहुन्छ । मुलुक संघीयतामा रुपान्तरित भएपछि प्रथम मुख्यमन्त्री तत्कालि नेकपाका डोरमणि पौडेल, दोस्रो मुख्यमन्त्री नेकपा एमालेबाट अष्टलक्ष्मी शाक्य, तेस्रो मुख्यमन्त्री नेकपा एकीकृत (समाजवादी) बाट राजेन्द्र पाण्डे, चौथो मुख्यमन्त्री नेकपा माओवादी केन्द्रबाट शालिकराम जम्कट्टेल हुनुभयो। सपथग्रहण कार्यक्रममा निवर्तमान मुख्यमन्त्री शालिकराम जम्कट्टेल, सभामुख भुवन कुमार पाठक, उपसभामुख अप्सरा चापागाईको पनि उपस्थिति रहेको थियो ।

मुख्यमन्त्री बहादुर सिं लामाको सपथ कार्यक्रम लगत्तै ९ जना मन्त्रीले पनि सपथ लिएका छन् । प्रदेश प्रमुखको कार्यालय परिसरमा नवनियुक्त मन्त्रीहरुले पद तथा गोपनियताको सपथ ग्रहण गरेका छन् । प्रदेश प्रमुख यादव चन्द्र शर्माले ९ जना मन्त्रीलाई सपथ गराउनुभएको हो। एमालेका ६ र कांग्रेसका ३ मन्त्रीले पद तथा गोपनियताको सपथ ग्रहण गरेका हुन्। एमालेबाट प्रकाश श्रेष्ठले कृषि तथा पशुपन्छी मन्त्रालय, किरण थापाले स्वास्थ्य मन्त्रालय, कृष्ण प्रसाद सिलवालले वन तथा वातावरण मन्त्रालय, सुकमाया तामाङले उद्योग, वाणिज्य, भूमि तथा प्रशासन मन्त्रालय, अमन कुमार मास्केले भौतिक पूर्वाधार विकास मन्त्रालय र प्रेम भक्त महर्जनले श्रम रोजगार तथा यातायात मन्त्रालयको जिम्मेवारीसहित सपथ ग्रहण गर्नुभएको छ।

कांग्रेसबाट नियुक्त मन्त्रीहरुलाई भने जिम्मेवारी तोकिएको छैन । कांग्रेसबाट कुन्दनराज काफ्ले, श्याम खड्का र मदु कुमार श्रेष्ठले सपथ ग्रहण गर्नुभएको छ। मन्त्री आकांक्षीबीच सहमति जुट्न नसक्दा बुधबार बिहान कांग्रेसले मन्त्री नै नपठाउने निर्णय समेत गरेको थियो ।

## मन्त्रीको विषयमा कांग्रेसमा चरम असन्तुष्टि

# दवावमा मुख्यमन्त्री लामा

समाज संवाददाता

हेटौंडाः बागमती प्रदेशमा आफ्नै नेतृत्वमा गठन हुँदै गरेको सरकारमा सहभागी हुने मन्त्री छनोटको विषयलाई लिएर कांग्रेसभित्र चरम असन्तुष्टि देखिएको छ । कांग्रेसको केन्द्रबाट प्राप्त निर्देशनअनुसार मन्त्री नियुक्त नगरिएको भन्दै असन्तुष्टि व्यक्त भएको हो ।

बुधबार संसदीय दलका नेता बहादुर सिं लामाको नेतृत्वमा एमालेसँग गठबन्धन गरेर सरकार निर्माण गरेको कांग्रेसले ६ मन्त्री नियुक्त गर्ने तयारी गरेको थियो । तर, मन्त्री बन्नेहरुको लर्को लाग्दा कांग्रेसले सरकारलाई पूर्णता दिन सकेन । मन्त्री छान्न ३ दिनदेखि कसरत गरेको कांग्रेस सफल हुन सकेन । भागबण्डामा पाएको ६ मन्त्रालयका लागि ३ दिनदेखि कसरत गरेको कांग्रेसबाट मन्त्री छान्न सहमहामन्त्री महालक्ष्मी उपाध्याय 'डिना' र प्रवक्ता प्रकाश शरण महत खटिएका थिए। दुबैले केन्द्रको निर्देशनअनुसार मन्त्री छान्ने काम गरिरहेका थिए। तर, उनीहरुको काम सार्थक बनेन। जसका कारण कांग्रेस हेडक्वार्टर बुढानिलकण्ठको सिफारिसमा परेका प्रदेश सभा सदस्यसमेत मन्त्रीको लिष्टमा अटाएनन् । सोही कारण कांग्रेस नेता लामा नेतृत्वको सरकारले पूर्णता पाउन सकेन ।

डिना र महतले केही प्रदेश सभा सदस्यहरुलाई फोन गरेर मन्त्री बन्न हेटौंडा बोलाएका थिए । पुरुषलाई दौरा सुरुवाल र महिलालाई साडीमा सजिएर आउन उनीहरुको निर्देशन थियो । आवश्यक मन्त्रीभन्दा बढी प्रदेश सभा सदस्यहरुलाई उनीहरुले निमन्त्रणा गरेका थिए । सबै हेटौंडा आए तर, मन्त्री बन्न पाएनन् ।

### के के भयो सपथग्रहणमा ?

बुधबार विहान ११:११ बजे सपथग्रहण गर्ने समय तालिका रहेकोमा कांग्रेसबाट विहान १० बजेसम्म पनि मन्त्रीको सूचि तयार भएको थिएन। डिना र महतले तयार गरेको मन्त्रीको सूचिअनुसार अघि बढ्न समस्या भएपछि कांग्रेसबाट निर्वाचित प्रदेश सभा सदस्यहरु रुष्ट बनेका थिए । मन्त्री नियुक्तिको विषयलाई लिएर विवाद हुने र सपथग्रहणको समयमा समस्या हुने देखिएपछि कांग्रेस बागमती प्रदेश सभापति इन्द्रबहादुर बानियाँले सहजीकरण गरिरहनुभएको थियो ।

कांग्रेसको लाज ढाक्न मन्त्री पक्का गरिएका २ जनालाई सपथग्रहण गराउने तयारी बानियाँको थियो । तर, मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयबाट पत्र भने प्रदेश प्रमुख कार्यालय पुगेको थियो। प्रदेश प्रमुख कार्यालय परिसरमा आयोजित मुख्यमन्त्री तथा मन्त्रीहरुको सपथग्रहण समारोहमा मुख्यमन्त्रीको सपथ सकियो । तर, कांग्रेसका मन्त्रीको नाम तयार नहुँदा मन्त्रीहरुको सपथ रोकियो । मुख्यमन्त्रीको सपथपछि केही बेर आगन्तुकहरुलाई बस्न आग्रह गरिएको थियो ।

करिब १५ मिनेटपछि कांग्रेसका ३ र एमालेका ६ मन्त्रीको सपथग्रहण कार्यक्रम हुने निश्चित भयो । बिना विभागीय २ मन्त्रीलाई सपथग्रहण गराउने तयारी गरेको कांग्रेसमा अर्का एक मन्त्री थपिए । मन्त्री छान्नेको कमजोरीका कारण अस्तव्यस्त तवरमा मन्त्रीहरुको सपथ भएको थियो । १५ मिनेटको अवधिमा मुख्यमन्त्री कार्यालयबाट मन्त्री नियुक्तिको पत्र प्रदेश प्रमुखसमक्ष पुर्‍याएर कांग्रेसका कुन्दनराज काफ्ले, श्यामबहादुर खड्का र मदुकुमार श्रेष्ठले विभागीय जिम्मेवारीविहीन भएर मन्त्रीको सपथग्रहण गरे ।

उनीहरुसँगै एमालेका प्रकाश श्रेष्ठले कृषि तथा पशुपन्छी मन्त्रालय, किरण थापाले स्वास्थ्य मन्त्रालय, कृष्ण सिलवालले वन तथा वातावरण मन्त्रालय, सुकमाया तामाङले उद्योग, वाणिज्य, भूमि तथा प्रशासन मन्त्रालय, अमन मास्केले भौतिक पूर्वाधार विकास मन्त्रालय र प्रेमभक्त महर्जनले श्रम, रोजगार तथा यातायात मन्त्रालयको जिम्मेवारीसहित सपथग्रहण गरेका थिए ।

### देउवाको लिष्टमा डिना र महतको कैची

मन्त्री छनौटका लागि सक्रिय बनेका सहमहामन्त्री डिना र प्रवक्ता महतले पार्टी सभापतिले सिफारिस गरेका प्रदेश सभा सदस्यकै नाम काटेका थिए । देउवाले पठाएको मन्त्रीको लिष्टमा डिना र महतले

...बाँकी पृष्ठ ३ मा

# सौर्य एयरको विमान दुर्घटना १८ जनाको मृत्यु



समाज संवाददाता

काठमाडौंः बुधबार बिहान सौर्य एयरको सीआरजे ७०० ९ एन-एएमई जहाज मर्मतपछि गरिने पूर्ण परीक्षण 'सी-चेक' का लागि पोखरा जाँदै थियो । तर त्रिभुवन विमानस्थलबाट उडेको २० सेकेण्डपछि बिहान ११ बजेर ११ मिनेटमा जहाज ढलपल-ढलपल गर्न थाल्यो। हेर्दाहेर्दै दाहिनेतर्फ मोडियो र भुइँमा बजारिन पुग्यो ।

दुई क्याप्टेनसहित कुल १९ जना सवार रहेकामा १८ जनाको मृत्यु भएको छ भने पाइलट मनिषरत्न शाक्य घाइते छन् । जहाजबाट पहिले धुवाँ आएको र त्यसपछि आगो लागेको प्रत्यक्षदर्शीहरुले बताएका छन् । जहाज आगलागी हुँदा पड्किएको ठूलो आवाज पनि आएको थियो । जहाज खसेको ठाउँ अप्ठेरो हुनाले दमकल पुगेर आगो निभाउन ढिला भएको थियो । जहाजको सबैजसो भाग जलेर काम नलाग्ने भएको छ ।

मृत्यु भएकामध्ये १७ जना नेपाली हुन् भने एक जना यमनका नागरिक रहेको खुलेको छ । जहाजमा सौर्य एयर लाइन्सकै कर्मचारीहरू रहेका थिए । जहाजका को-पाइलट एस कटुवालको मृत्यु भएको छ । अमितमान महर्जन, सागर आचार्य, दिलीप बर्मा, मनुराज शर्मा, अश्विन निरौला, सुदीपलाल जोशी, सर्वेस मरासैनी, श्याम विन्दुकार, नवराज आले, राजाराम आचार्य, अधिराज शर्मा, प्रिजा खतिवडा, उद्धव पुरी, यज्ञप्रसाद पौडल, सन्तोष महतो, पुण्यरत्न शाही र अरेफ रेडाको मृत्यु भएको प्रहरीले जनाएको छ। रेडा यमनी नागरिक हुन्। प्रिजा खतिवडा पनि उक्त जहाजमा सवार थिइन् । दुर्घटनामा परेर मृत्यु भएकाहरूको शव त्रिवि शिक्षण अस्पताल महाराजगञ्ज लगिएको छ । पोस्टमार्टम गरेपछि शव परिवार तथा आफन्तको जिम्मा लगाउने तयारी छ । जहाज दुर्घटनास्थल निरीक्षण गर्न प्रधानमन्त्री केपी शर्मा ओली, गृहमन्त्री रमेश लेखक, नागरिक उड्डयन मन्त्री बद्री पाण्डेलगायत पुगेका थिए ।

बुधबार काठमाडौं उपत्यकाको मौसम सफा थियो । अन्य कुनै पनि वाह्य कारणले जहाजमा अवरोध आएको देखिएको छैन । त्यसैले जहाज के कारण दुर्घटना भयो भन्ने खुलेको छैन । सरकारले विमान दुर्घटनामा मृत्यु भएकाहरूको शोकमा बिहीबार राष्ट्रिय झण्डा आधा झुकाउने निर्णय गरेको छ । बुधबार बसेको मन्त्रिपरिषद्को आकस्मिक बैठकले शोक मनाउने निर्णय गरेको हो । सरकारका प्रवक्ता एवं सञ्चारमन्त्री पृथ्वीसुब्बा गुरुङका अनुसार पाँच सदस्यीय जाँचबुझ आयोग गठन गरेको छ भने विमानहरुको अनिवार्य प्राविधिक परीक्षण गर्न निर्देशन दिएको छ ।

मन्त्रिपरिषद् बैठकले नेपाल नागरिक उड्डयन प्राधिकरणका पूर्वमहानिर्देशक रतीशचन्द्रलाल सुमनको संयोजकत्वमा छानबिन समिति गठन गर्ने निर्णय गरेको हो । समितिमा नेपाल एयरलाइन्सका क्याप्टेन दिपु ज्वारचन, श्री एयरलाइन्सका इन्जिनियर सञ्जय अधिकारी, पुल्चोक इन्जिनियरिङ क्याम्पसका सहप्राध्यापक सुदीप भट्टराई र पर्यटन मन्त्रालयका प्राविधिक अधिकृत मुकेश डंगोल रहेका छन् । समितिलाई ४५ दिनभित्र प्रतिवेदन बुझाउन समय दिइएको छ ।



# सम्पादकीय

## मन्त्री बन्नेको लर्को

देशको केन्द्रीय राजनीतिको प्रभाव प्रदेशमा पनि पर्ने गरेको छ । पछिल्लो समय नेपाली कांग्रेस र नेकपा एमालेबीच सत्ता गठबन्धन बनेपछि संघीय सरकार परिवर्तन भइसकेको छ । प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले प्रतिनिधिसभामा विश्वासको मत प्राप्त गर्न नसकेपछि कांग्रेस-एमाले गठबन्धनबाट एमाले अध्यक्ष केपी शर्मा ओली प्रधानमन्त्री बनेका छन् । कांग्रेस-एमाले गठबन्धनको समझदारीअनुसार मधेशबाहेक ६ वटा प्रदेशमा दुबै दलले ३-३ वटा प्रदेश सरकारको नेतृत्व गर्ने भएको छ । यसअघि नै कांग्रेस र एमालेले नेतृत्व गरेको बाहेक अन्य दलले नेतृत्व गरेको प्रदेशमा केन्द्रीय गठबन्धनबाटै मुख्यमन्त्री भागबण्डा भएपछि बागमती प्रदेशको नेतृत्व कांग्रेसको भागमा परेको थियो । सोहीअनुसार बागमती प्रदेश सरकारबाट एमाले बाहिरिएर प्रदेशका मुख्यमन्त्री जम्कट्टेललाई अल्पमतमा पारेपछि जम्कट्टेलले प्रदेशसभाबाट विश्वासको मत लिने मनस्थिति बनाएका थिए । अन्ततः विश्वासको मत पाउने सम्भावना नभएपछि उनले आइतबार मुख्यमन्त्रीबाट राजीनामा दिए ।

बागमती प्रदेशका मुख्यमन्त्री जम्कट्टेलले राजीनामा दिएपछि प्रदेश प्रमुख यादवचन्द्र शर्माले संविधानको धारा १६८ (२) अनुसार आइतबारै मुख्यमन्त्रीमा दावी पेश गर्न आह्वान गरे । दुई वा सोभन्दा बढी दलहरु मिलेर बहुमत पुर्‍याएर साउन ८ गते मंगलबार साँझ ५ बजेसम्म दावी पेश गर्न प्रदेश प्रमुखले आह्वान गरेका थिए । नेपाली कांग्रेसको बागमती प्रदेश संसदीय दलका नेता बहादुर सिंह लामा मुख्यमन्त्री बन्ने निश्चित भए पनि कांग्रेस र एमालेमा मन्त्रीका आकांक्षी धेरै भएपछि मुख्यमन्त्रीको दावीसमेत अन्तिम दिनमात्र पेश भएको छ । मुख्यमन्त्री जम्कट्टेलले राजीनामा दिएपछि कांग्रेस-एमाले गठबन्धनको सरकार बन्ने निश्चित भएको थियो । गठबन्धनका दलहरुले सरकार गठनको तयारी थालेपछि दुबै पार्टीमा मन्त्री बन्न चाहनेको लर्को नै लागेको थियो । सत्ता साझेदार दलहरुले मन्त्रीको संख्या टुंगो लगाउन नपाउँदै दुबै दलका सांसदहरु मन्त्री बन्न काठमाडौंमा शीर्ष नेताहरुसँग लबिङमा जुटेका हुन् ।

प्रदेशको १३ मन्त्रालयमध्ये कुन दलले कुन मन्त्रालय लिने सहमति हुन नसकेकै अवस्थामा सांसदहरु भने मन्त्रीको लबिङमा काठमाडौं पुगेका थिए । सांसदहरु मन्त्री बन्ने होडबाजीमा काठमाडौंमै रहँदा सत्ता गठबन्धनका दलहरुले मन्त्रालयको भागबण्डा टुंग्याउन नसक्दा सोमबार बिहान १० बजेका लागि तयारी गरिएको मुख्यमन्त्रीमा दावी पेश गर्ने कार्य हुन सकेन । बल्लतल्ल कांग्रेसले मुख्यमन्त्रीसहित ६ मन्त्रालय र एमालले ६ मन्त्रालयमा भागबण्डा गर्ने सहमतिपछि साउन ८ गते मंगलबार नेता लामाले प्रदेश प्रमुखसमक्ष मुख्यमन्त्रीको दावी पेश गरेका छन् । कांग्रेसका ३७ र एमालेका २७ गरी ६४ सांसदको समर्थनमा मुख्यमन्त्रीको दावी पेश गरेका लामालाई प्रदेश प्रमुखले मंगलबार अपराह्न ५ बजे मुख्यमन्त्री नियुक्त गरेका छन् । मुख्यमन्त्रीसहित मन्त्रीहरुको सपथग्रहण कार्यक्रम बुधबार बिहान ११ बजे हुने भएको छ । मंगलबारै एमालले ६ वटा मन्त्रालयमा मन्त्रीको नाम टुंगो लगाएको भए पनि कांग्रेसमा मन्त्रीका आकांक्षी धेरै भएपछि मंगलबार साँझसम्म मन्त्रीको टुंगो लाग्न सकेको छैन ।

मुलुकको राजनीतिमा अनेक दाउपेच र स्वार्थले स्थान पाउने गरेको छ । बारम्बार सरकार परिवर्तन गराउँदै सरकारको नेतृत्व गर्ने होडबाजीसँगै मन्त्री बन्नेको लर्को लाग्दछ । पार्टीले सरकारको नेतृत्व पाएमा मुख्यमन्त्री बन्ने संसदीय दलको नेतासमेत मन्त्री बन्न मरिहत्ते गर्ने गरेका प्रशस्तै उदाहरण छन् । एक पटक मन्त्री बनेकाले पुनः मन्त्री बन्न चाहन्छन् भने मन्त्री बन्ने पालो नपाएकाले नयाँलाई अवसर दिनुपर्ने दावी गर्दछन् । आफ्नो योग्यता, क्षमता, विशेषज्ञता केही नभए पनि कुनै न कुनै मन्त्रालयको नेतृत्वका लागि प्रत्येक सांसद अग्रसर हुने गर्दछन् । पुराना मन्त्रीको कार्यसम्पादन चित्तबुझ्दो नहुँदा र नयाँलाई अवसर दिने भन्दै पहुँचको आधारमा मन्त्री बनाउँदा सरकारको प्रभावकारिता सधैं कमजोर हुने निश्चित छ ।

## महत्वपूर्ण फोन नम्बरहरु

| | |
|---|---|
| जिल्ला प्रशासन कार्यालय ५२०४९५ | चित्लाङ इलाका ६२१००० |
| जिल्ला प्रहरी कन्ट्रोल १०० | वारुण यन्त्र १०१ |
| ट्राफिक प्रहरी १०३ | बालबालिका खोजतलास केन्द्र १०४ |
| वडा प्रहरी ५२०२९९ | बाल हेल्पलाइन १०९८ |
| पशुपतिनगर इलाका ५२०५९८ | हेलो सरकार ११११ |
| मनहरी इलाका ९८५५०९०१६१ | नेपाल टेलिकम सोधपुछ १९७ |
| भीमफेदी इलाका ६९१४६२ | एम्बुलेन्स १०२ |
| पालुङ इलाका ६२०४६७ | नेपाल विद्युत प्राधिकरण गुनासो ११५० |
| फापरबारी इलाका ६२१९८० | |

## तपाईको राशिफल



पं. ज्योतिषः तोयानाथ सुवेदी
ॐ तुलसी मेडिकल हल, हेटौंडा-८, कमाने
सम्पर्क : ९७४५०२८५५५

| | |
|---|---|
| **मेष** | अतिथिका रुपमा सम्मानित हुने समय छ । |
| **वृष** | कामका लागि आशावादी बनिने समय छ । |
| **मिथुन** | नयाँ काम र जिम्मेवारी थपिने समय योग छ । |
| **कर्कट** | विपरीत परिस्थितिलाई सामना गर्ने समय छ । |
| **सिंह** | बिचार र भावनामा परिने समय योग छ । |
| **कन्या** | परम्पराको पालना गर्दा लक्ष्यमा पुगिएला । |
| **तुला** | धार्मिक र सामाजिक काममा मन जाने छ । |
| **वृश्चिक** | व्यापार-व्यवसाय ठिकै रहने समय छ । |
| **धनु** | कर्तव्य र दायित्वका बारेमा गम्भिर बन्नु पर्ला । |
| **मकर** | बन्द व्यापारबाट लाभ प्राप्त हुने समय योग छ । |
| **कुम्भ** | नयाँ अवसरहरु प्राप्त हुने समय योग रहेको छ । |
| **मीन** | काममा सावधानीपूर्वक कदम चाल्दा राम्रो रहने छ । |

## नन ग्रेडेड सबै विद्यार्थीलाई मौका परीक्षाको अवसर

# कति ठीक कति बेठीक ?



**रमेश प्रसाद लामिछाने**

१. सन्दर्भः २०८१ साल असार १३ गते २०८० को एसईई नतिजा सार्वजनिक । नियमित परीक्षाको नतिजा पश्चात मौका परीक्षाको अवसर परम्परा नै बन्दै आएको छ । कुनैबेला यस्को नाम आंशिक परीक्षा थियो । कुनैबेला मौका परीक्षा भयो । कुनैबेला ग्रेड बृद्धि परीक्षा भनियो । किनकि यो प्रकृतिका परीक्षा बढिमा दुई विषयसम्म अनुत्तिर्ण हुनेका लागि हो । तत्कालिन एसएलसीलाई मात्र होइन, हालको एसईईलाई मात्र पनि होइन । कक्षा ११ र १२ मा मात्र पनि होइन । विश्वविद्यालयस्तरका स्नातक तथा स्नातकोत्तर तहमा समेत मौका परीक्षाको व्यवस्था गरिँदै छ । पछिल्ला वर्षहरुमा स्थानीय तहहरुले समेत आधारभूत तह अर्थात कक्षा आठको परीक्षामा समेत मौका परीक्षाको अवसर प्रदान गरेको उदाहरण छ । कतिपय विद्यालयहरुले अन्य कक्षाहरुमा समेत वार्षिक परीक्षाको नतिजा पश्चात मौका परीक्षा संचालनका अभ्यास गरेको पाइन्छ । प्राविधिक शिक्षामा पनि मौका परीक्षाको अवसरका अभ्यास भइरहेका छन् । सैद्धान्तिक परीक्षामा मात्र नगरी पछिल्ला वर्षहरुमा कतिपय शिक्षालयहरुले प्रयोगात्मक परीक्षामा समेत मौका परीक्षाको अभ्यास गरेका उदाहरण छन् । हाम्रो देशमा मात्र नभई अन्तर्राष्ट्रियस्तरमा पनि यो प्रकृतिका मौका परीक्षाका अभ्यास पर्याप्त भइरहेको छ । कक्षा र तहका आधारमा कति विषयसम्म अनुत्तिर्णलाई कति पटकसम्म अवसर दिने भन्नेमा भने विविधता पाइएको छ । यो स्वभाविक रुपमा लिने गरिएको छ ।

२. मौकाको मौका किन दिने ? किनकि विद्यार्थी मूल्याङ्कन प्रणाली कक्षा र तह अनुसार कुनै दुई घण्टे, कुनै तीन घण्टे र कुनै चार घण्टे पेपर पेन्सिल टेष्टमा आधारित छ । वार्षिक परीक्षा प्रणालीमा आन्तरिक परीक्षा, होमवर्क, प्रोजेक्ट वर्क, क्लास वर्क, प्रयोगात्मक परीक्षा, निर्णायक नबनेको वा नबनाइएको हुन्छ । कक्षा चढ्न वा तह पार गर्न सत्रान्तमा सैद्धान्तिक परीक्षामा तोकिएको घण्टामा तोकिएका सवालको जवाफ दिनैपर्ने र उत्तीर्ण हुनैपर्ने हाम्रो शिक्षा प्रणाली छ । बिरामी परेका कारणले, आफन्तको मृत्यु भएका कारणले, घरायसी अन्य कारणले, प्राकृतिक वा दैवी प्रकोपका कारण लगायतका अन्य प्रतिकूल अवस्थामा परीक्षा प्रभावित हुनु स्वभाविक हो । राम्रा भनिएका विद्यार्थीहरु पनि यस्ता परीक्षामा अनुत्तिर्ण हुने गरेका प्रशस्त उदाहरण भएकाले परिक्षार्थीको प्रतिकूलता मात्र हैन, परीक्षाको बेला परीक्षा हलको वातावरण, निरीक्षकको व्यवहार, प्रश्नपत्रको सान्दर्भिकता र स्तरीयता समेतले नतिजामा पार्ने प्रभाव पनि असफलताका कारक बनेको अवस्था रहन्छ । परीक्षकको हच्चुवा परीक्षण शैली र परम्परागत विधिमा पाइने बेमेल अर्को महत्वपूर्ण कारण रहन्छ । परीक्षण पश्चात पनि नतिजा प्रकाशित गर्ने बेलासम्मका प्राविधिक कार्यहरु कुनैबेला कारक बनेका पर्याप्त उदाहरण देखिएका । सबै प्रतिकूल नतिजामा पुनः परीक्षण र पुनर्योग नभएका वा नगरिएका वा औपचारिकता पूरा गर्दै यथावत लेख्दै आएका वर्षौंका अभ्यास हुन् । यहि र यस्तै कारणहरुले गर्दा अनेकौं विद्यार्थीले बीचमै पढाइ छाड्ने (ड्रप आउट) अवस्था देखिन्छ । बिदेशिन बाध्य, सपनाहरु सपनामै सीमित हुन र बनाउन बाध्य, अनुत्तीर्ण सबै विषयमा मौका परीक्षाको अवसर सबै कक्षा र तहमा अझ विश्वविद्यालयस्तरमा समेत लागु हुने नीति विधिको अपेक्षा नहुन सक्छ ।

३. सतहका टिप्पणी ? नन ग्रेडेड (एनजी) भएका सबै विषयमा मौकाको अवसर प्रति विभिन्न टिप्पणी भइरहेका छन् । कतिपयले यो निर्णयप्रति मजाक उडाउँदै भोलि सबै पास भन्न सक्ने हाम्रो शिक्षा मन्त्रालय भन्दै खरो ब्यङ्ग्य गरेको छ । सदनमा तीव्र आलोचना भएकाले शिक्षा मन्त्रीले डराएर गरेको निर्णय पनि भनिएको छ । बढिमा दुई विषयको परम्परा तोडेर आएको गलत निर्णयको रुपमा पनि व्याख्या गरिएको छ । विगतमा जस्तो सैद्धान्तिक र प्रयोगात्मक दुबै जोडेर ३० प्रतिशतमा उत्तीर्ण गर्ने परम्पराको अन्त्य भएको छ । कूल १.६ जीपीए ल्याएपछि कक्षा ११ मा प्रवेश हुने मानसिकतामा पहिरो गएको छ । यस वर्ष मूल्याङ्कन प्रणाली फेरिएर सैद्धान्तिकमा मात्रै कम्तिमा ३५ प्रतिशत ल्याउनै पर्ने बाध्यता विद्यार्थीमा छ । ग्रेडेड र नन ग्रेडेडको दुई खाले अवधारणा छ । घुमाउरो तरिकाले फेरी २०७२ साल भन्दा अघिकै पास फेलको पुनरागमन भएको मान्न सकिन्छ । यहि गर्नु थियो त गत ९ वटा एसईईका नाममा शैक्षिक खेलवाड र मजाक सहितका लेटर ग्रेडिङ नतिजाका नाटक मञ्चनले उब्जाएको शैक्षिक स्तरीयताका क्षतिका आँकलन कस्ले र कहिले गर्ने ? एसईई-२०८० को नतिजामा मात्र ४७.८६ प्रतिशत मात्र कक्षा ११ मा प्रवेशका लागि योग्य हुनुको प्रभाव के हो ? कुल परीक्षार्थी मध्ये आधा पनि उत्तीर्ण गराउन नसक्नुको कारण शिक्षा प्रणालीकै गल्ती त होइन ? शिक्षामा गरिएको यत्ति ठूलो लगानि बालुवामा पानी हाले जस्तो भयो कि ? अझ सामुदायिक विद्यालयको त मात्र ११.८८ प्रतिशत मात्र उत्तीर्ण छन् । अनुत्तीर्ण संख्या २,४२,३१३ जना विद्यार्थीको डरलाग्दो चित्र देखिन्छ । कैयौं स्थानीय तहहरुमा शुन्य नतिजा छ । कक्षा ११ मा अनेकौं विद्यालयको ढोका बन्द हुने अवस्था छ ।

४. अपग्रेडका लागि मौका ? सैद्धान्तिक र प्रयोगात्मक दुबैका प्राप्ताङ्क जोडेर उत्तीर्ण घोषणा गर्दा प्रयोगात्मकमा कम्तिमा पनि २५ पूर्णाङ्कमा २० अंक स्कूलबाट दिने अनि सैद्धान्तिकमा ७५ पूर्णाङ्कमा १५ अंक लेखेर ल्याउने जम्मा जोडेर ३५ पुग्ने र उत्तीर्ण हुने अवस्था आफैंमा विश्लेषण योग्य रहेको थियो । सैद्धान्तिक विषयको मौका परीक्षाबाट धेरै विद्यार्थी लाभान्वित भएका उदाहरण छन् । मौका परीक्षाकै कारणले शैक्षिक यात्राले निरन्तरता पाएको थियो । बिगतमा एक वा दुई विषय अनुत्तीर्ण भएकाले मौका पाउँदा पनि राहतको महसुस भएको हुनुपर्छ । विद्यालयका अन्य कक्षाहरुको वार्षिक परीक्षा प्रकाशन गर्नुअघि ग्रेस सिस्टमको प्रचलन नै छ । एक थरि, विषयगत ग्रेस जस्मा एक विषय, दुई विषय अझ तीन विषयसम्म पनि फेल भएकालाई उत्तीर्ण घोषणाको चलन थियो । अब अर्को चाहीं, छरुवा भन्दै निश्चित अंक दश, बीस, तीस र अझ आवश्यकता परे सो भन्दा बढि ग्रेस दिने चलन पनि छ । हाम्रा विद्यालयहरुमा यी दुई मध्ये कुनै एक वा दुबै ग्रेस सिस्टम कार्यान्वयनको अभ्यास छ । दुबै ग्रेस सिस्टमका असल र खराब पक्षहरुका परिणाम सुनिएका र देखिएका पर्याप्त उदाहरण छन् । छरुवा अंक ग्रेस दिने विधि तुलनात्मक रुपमा सकारात्मक । एउटाको सात वटा विषयहरु मध्ये मानौं पाँचवटामा जम्मा बीस अंक पुगेन, अर्कोको मानौं दुई विषयमा मात्र क्रमशः दश र पन्ध्र छ र यो दोश्रोलाई उत्तीर्ण गर्न छरुवा अंक दिँदा जम्मा पैंतालिस अंक आवश्यक हुन्छ । यसरी हेर्दा, छरुवा अंकले सकारात्मक नतिजा हासिल हुने अवस्था रहन्छ । कहिलेकाहीँ, एउटा विषयमा मात्र पाँच अंक आएको र बाँकी सबै उत्तीर्ण भएकोलाई पच्चिस अंक छरुवा भन्दा एक विषय ग्रेस हुँदा उत्तीर्ण हुने अवस्था रहन्न । समग्र अनुत्तीर्ण विषयगत नतिजा विश्लेषण गरी ग्रेस सिस्टम निर्धारण गर्ने अभ्यासमा प्राथमिकताको अपेक्षा गर्नुपर्छ ।

५. अन्तमा, मौका परीक्षाको इतिहासमा यस पटक एसईई अनुत्तीर्ण अर्थात् नन ग्रेडेड भएका सबै विषयहरुमा मौका प्रदान गर्ने निर्णय आएको छ । एक वा दुई विषय मात्र होइन, चार, पाँच वा अझ बढी विषयमा मानौं अठार, बीस, एक्काईस, बाईस, चौबिस जस्ता अंक ल्याउने विद्यार्थीलाई यो निर्णयले उत्साहित गरेको स्पष्ट छ । कूल नतिजामा बृद्धि हुने विश्वास गर्न सकिन्छ । यस बर्ष कक्षा ११ को ढोका बन्द भएकाहरुका लागि विशेष राहत हुनेछ । उत्तीर्णाङ्कको नजिक नजिक पुगेर नन ग्रेडेडको भार बोकेका विद्यार्थीका लागि सकारात्मक सन्देश हो । कक्षा ११ नचल्ने अवस्थामा पुगेकालाई पनि राहत पुग्ने विश्वास गर्न सकिन्छ । अत्यन्त कमजोरलाई त एकै विषयले पनि पछि नपार्ला भन्ने के आधार ? पासै गरेर देखाउँछु भन्नेलाई एक महिना भन्दा बढिको समय पर्याप्त हुन्छ । ग्रेडेड भएरै अगाडिको शैक्षिक यात्राको निरन्तरताका लागि सम्बन्धित विद्यार्थीहरुमा शुभकामनासहित आह्वान गर्दछु । सारमा, यहि श्रावण महिनामा संचालन हुने मौका परीक्षाबाट यो नतिजा कम्तिमा पनि सत्तरी प्रतिशत उत्तीर्ण पार गर्ने अपेक्षा भए पनि यी सवाल अझै अनुतरित्त छ । मौका परीक्षाको नतिजा आउन कम्तिमा दुई महिना लाग्नेछ । मौका परीक्षाबाट उत्तीर्ण विद्यार्थी यसै बर्ष कक्षा ११ मा भर्ना गराउने हो भने कक्षा ११ का विषयको क्रेडिट आवर छ महिनामा पूरा हुन नसक्ने स्पष्ट छ । अब, कक्षा १२ मा समेत अनुत्तीर्ण सबैले मौका परीक्षाको मौका पाउने हो कि ? होइन भने, कक्षा १० र कक्षा १२ को परीक्षा निर्देशिका फरक हुनै पर्ने स्थिति छ ।

*हेटौंडा*

# मिर्गौला संक्रमण किन हुन्छ ?



**डा. सुमित आचार्य**
**मिर्गौलारोग विशेषज्ञ**

मिर्गौलाको काम रगतलाई शुद्ध गर्ने, काम नलाग्ने पदार्थ छानेर पिसाब मार्फत बाहिर निकाल्नु हो । मिर्गौला शरीरको मेरुदण्ड नजिक दुई भाग ओगटेर बसेको हुन्छ, जुन मूत्रथैली नजिकको भाग हो । जसमा मूत्राशय र मूत्रनली हुन्छ ।

यस्तोमा कुनै कारणवश ब्याक्टेरिया वा भाइरसले मूत्रनलीमा संक्रमण गराई मिर्गौलामा समेत प्रवेश गर्छ भने मिर्गौलामा संक्रमण भएको भनेर बुझ्छौं । मिर्गौलाको संक्रमणले एउटा वा दुवै मिर्गौलालाई प्रभावित गर्न सक्छ । यस्तो अवस्थालाई मेडिकल भाषामा 'पायलोनेफ्राइटिस' भनिन्छ ।

**कारण**: मिर्गौला संक्रमण कुनै पनि उमेरमा हुनसक्छ । तर पुरुषको तुलनामा यो समस्या महिलामा बढी देखिन्छ । यसको मुख्य कारण भनेको महिलाको मूत्रनली तुलनात्मक रुपमा छोटो हुन्छ । दिसा र पिसाब गर्ने भाग नजिकै हुँदा संक्रमणको जोखिम उच्च हुन्छ । पिसाब संक्रमण पटक-पटक भए मूत्रनली हुँदै मिर्गौलासम्म संक्रमण फैलिन सहज हुन्छ ।

गर्भावस्थाको क्रममा पाठेघरको आकारमा वृद्धि हुँदा मूत्रथैलीमा दबाब पर्ने हुँदा पिसाबथैलीमा कीटाणुले संक्रमण गरी मिर्गौलासम्म पुग्न सक्छ । पुरुषमा भने प्रोस्टेट ग्रन्थी बढेर वा चोटपटक लागेर मूत्रनली साँघुरो भएमा हुनसक्छ ।

महिला र पुरुष दुवैमा साझा रुपमा पत्थरी, मधुमेह रोग अनियन्त्रित, बच्चादेखि नै पिसाबनली साँघुरो हुनु, पिसाब गलत दिसामा गएर पुनः मूत्रथैलीमै फर्किनु, सेतो रक्तकोषको मात्रा कम हुनु, एचआईभी, केही औषधिको प्रयोग र मिर्गौलामा दुई मूत्रनलीमा भएमा र मिर्गौला प्रत्यारोपण गरेका बिरामीमा यो समस्या हुनसक्छ ।

त्यस्तै, पिसाब लामो समयसम्म रोक्ने बानीले पनि मिर्गौलामा संक्रमण हुनसक्छ ।

ईकोली, प्रोटियुस मिराबिलिज, इन्टेरोब्याक्टर, स्टाफाइलोकोकस जस्ता ब्याक्टेरियाले पिसाबदेखि मिर्गौला संक्रमण गराउने ईकोली, प्रोटियुस मिराबिलिज, इन्टेरोब्याक्टर, स्टाफाइलोकोकस नामक ब्याक्टेरिया हुन् ।

**लक्षण**: मिर्गौला संक्रमण भएमा यसको लक्षण केही घण्टा वा केही दिनमा तीव्र रुपमा सुरु हुन थाल्छ । बान्ता हुनु, पटक-पटक पिसाब आउनु, पिसाब लागेको जस्तो अनुभव भइरहनु, पिसाबमा रगत देखा पर्नु, पिसाब गन्हाउनु, ज्वरो आउनु, कम्मर दुख्नु, कमजोर अनुभव गर्नु, भोक कम लाग्नु, दुवै कोखा दुख्नु र काम ज्वरो आउनु यसका सामान्य लक्षण हुन् ।

**पहिचान**: लक्षणको आधारमा पिसाबको परीक्षण गरिन्छ । पिसाब परीक्षणमा युरिन कल्चर गरिन्छ । जसबाट भाइरस र कीटाणुको विकासबारे पत्ता लाग्छ । कतिपय अवस्थामा सिटी स्क्यान र अल्ट्रासाउन्ड गरी मूत्राशय र मिर्गौलाको अवस्था पनि हेरिन्छ ।

**उपचार**: मिर्गौला संक्रमणको जोखिम अनुसारको एन्टिबायोटिक औषधि चलाउनुपर्ने हुन्छ । जुन ३ देखि १४ दिनसम्म नियमित लिनुपर्छ । पटक-पटक पिसाब संक्रमण भइरहेको छ भने कारण पत्ता लगाएर लक्षणअनुसारको उपचार गराउने, प्रोस्टेट ग्रन्थी बढेमा वा पत्थरी भएमा शल्यक्रिया गराउन आवश्यक हुन्छ ।

**जटिलता**: यदि उपचार भएन भने दीर्घकालीन मिर्गौला रोग, संक्रमण मिर्गौला हुँदै रगतमा फैलिन सक्छ । जसले 'ब्लड प्रेसर लो' हुने मात्र नभई मृत्यु हुनसक्छ ।

### कसरी संक्रमण रोक्ने ?

- पिसाब कम लाग्ने वा पटक-पटक आइरहने समस्या छ भने तुरुन्तै उपचार गराउनुपर्छ ।
- पिसाबलाई लामो समयसम्म रोकेर राख्नु हुँदैन ।
- दिसा-पिसाब गरेपछि राम्रोसँग योनांग सफा गर्नुपर्छ ।
- पर्याप्त मात्रामा पानी खानुपर्छ ।

*(स्रोतः अनलाईनखबर)*

# मकवानपुरगढीको सयपत्रीडाँडामा खानेपानी वितरण सुरु



*खानेपानी योजना सम्पन्न भएपछि धारा खोलेर खानेपानी योजनाको उद्घाटन गर्नुहुँदै गाउँपालिका अध्यक्ष दोर्जे लामा स्याङ्तान ।*

समाज संवाददाता

हेटौँडाः मकवानपुरको मकवानपुरगढी गाउँपालिका-४, सयपत्रीडाँडामा खानेपानी योजना सम्पन्न भएर उपभोक्तालाई खानेपानी वितरण कार्य सुरु गरिएको छ । सयपत्रीडाँडाका करिब एक सय घरधुरीलाई लक्षित गरेर सुरु गरिएको योजनाबाट मंगलबार बिहानदेखि खानेपानी वितरण कार्य सुरु गरिएको हो । खानेपानी योजना सुरु भएको झण्डै ५ वर्षपछि सम्पन्न भएको हो ।

सामरी सयपत्री खानेपानी तथा सरसफाई उपभोक्ता समितिमार्फत पालिकाले एक लाख लिटर क्षमताको ट्याङ्की निर्माण गरेर पाइपलाइन समेत विस्तार गरिसक्दा पानीको स्रोत व्यवस्थापन गर्न सकेको थिएन । हेटौँडा खानेपानी व्यवस्थापन बोर्डले सञ्चालन गरेको समरी समवेलको स्रोतबाट पानी संकलन गरी उपभोक्तालाई वितरण गर्न सुरु गरिएको हो । हेटौँडा खानेपानी व्यवस्थापन बोर्डको मकवानपुर गढी गाउँपालिकामै रहेको समवेल स्रोतबाट करिब २ सय ५० मिटर अग्लो स्थानमा रहेको ट्याङ्कीमा पानी चढाएर वितरणको व्यवस्था मिलाइएको छ । हेटौँडा खानेपानी व्यवस्थापन बोर्डले सयपत्रीडाँडाका लागि पानीको स्रोत उपलब्ध गराउनुका साथै योजना सम्पन्न गर्नका लागि पनि बोर्डले सहयोग गरेको हो ।

बोर्डको लागत सहभागितामा करिब १२ लाख रुपैयाँ खर्चेर समवेलको पानी लिफ्ट गरी सयपत्रीडाँडामा रहेको ट्याङ्कीमा चढाउने व्यवस्था मिलाइएको हो । गाउँपालिकाको ८ लाख रुपैयाँ र बोर्डको ४ लाख रुपैयाँ लागतमा योजनाको अन्तिम कार्य सम्पन्न गरिएको हो । आर्थिक बर्ष २०७६/७७ मा एक लाख लिटर क्षमताको ट्यांकी निर्माण गरिएको थियो भने आर्थिक वर्ष २०७८/७९ मै पाइपलाइन विस्तार गरिएको थियो । गत माघ महिनादेखि बोर्डको सहयोगमा खानेपानी योजना सम्पन्न गर्नेगरी कार्य सुरु गरिएको हेटौँडा खानेपानी व्यवस्थापन बोर्डका निमित्त कार्यकारी निर्देशक विष्णु प्रसाद सापकोटाले जानकारी दिनुभयो ।

योजना सम्पन्न गर्न बोर्डको सहयोग रहे पनि नियमित सञ्चालन र व्यवस्थापन भने उपभोक्ता समितिमार्फत नै हुनेछ । सामरी सयपत्री खानेपानी तथा सरसफाई उपभोक्ता समितिका अध्यक्ष दिपेश कुमार थिङको अध्यक्षता तथा गाउँपालिका अध्यक्ष दोर्जे स्याङ्तान लामाको प्रमुख आतिथ्यमा खानेपानी वितरणको कार्य सुरुवात गरिएको हो । कार्यक्रममा गाउँपालिकाकी उपाध्यक्ष मानकुमारी नेपाली, हेटौँडा खानेपानी व्यवस्थापन बोर्डका अध्यक्ष प्रताप बिष्ट, निमित्त कार्यकारी निर्देशक विष्णु प्रसाद सापकोटाको पनि आतिथ्य रहेको थियो ।

## *दवाबमा मुख्यमन्त्री...*

चलखेल गर्दा मन्त्रिपरिषद् नै गोलमाल भएको थियो ।

मुख्यमन्त्री लामासँगै प्रदेशका १२ मन्त्रीहरूले शपथग्रहण गर्ने तयारी गरिएको भएपनि डिना र महतले आफूहरु निकट प्रदेश सभा सदस्यलाई प्राथमिकता दिँदा समस्या भएको हो । कांग्रेसबाट मन्त्री छान्न सहमहामन्त्री डिना र प्रवक्ता महतले मंगलबार राति एक होटलमा बसेर काम गरेका थिए । मंगलबार राति अबेरसम्म छलफल गरेर मन्त्रीको सूचि तयार पारिएको पनि थियो । राति १० बजे मुख्यमन्त्री लामालाई मन्त्री बन्नेहरुको सूचि तयार भएको बताएका थिए । बुधबार बिहानै काठमाडौं फर्केका महतको सहमतिमा तयार गरेको सूचिमा पुनः डिनाले चलखेल गरेको कांग्रेस संसदीय दलका एक सदस्यले बताए ।

मंगलबार राति कुन्दनराज काफ्ले, सुरेश श्रेष्ठ, श्याम खड्का, विमल ठकुरी, मिनकृष्ण महर्जनको नाम मन्त्रीका लागि छनौट गरिएको थियो । समिता खड्गी, उर्मिला नेपाल, विनु रायमाझी र हरिप्रभा खड्गीका विषयमा भने केही समस्या देखिएको थियो । सो विषय मिलाउने गरी मन्त्री छनौट गरिएको ती सांसदले बताए । बुधबार विहान पुनः मन्त्रीको सूचिमा केही फेरबदल भएको उनले बताए । विहान मिनकृष्ण महर्जनको नाम हटाएर एकाएक मदुकुमार श्रेष्ठको नाम प्रवेश गराइएको थियो भने सुरेश श्रेष्ठको नाम हटाएर प्रभात तामाङलाई मन्त्री बनाउने तयारी थियो ।

समिता खड्गी र उर्मिला नेपालबिच भने दुई नेताले सहमति जुटाएका थिएनन् । यद्यपि डिनाको जोडबलमा समिता मन्त्री बन्ने पक्का थियो । महतले आफ्नो कोटामा ६ मध्ये २ मन्त्री बनाउन खोजेका थिए भने डिनाले २ मन्त्री बनाउने तयारी गरेका थिए । महतले उर्मिला नेपाल, श्याम खड्कालाई मन्त्री बनाउने कसरत गरेका थिए भने डिनाले समिता खड्गी र मदुकुमार श्रेष्ठलाई मन्त्री बनाउने तयारी गरेकी थिएन् । दुई नेताले आफूअनुकूल मन्त्री छनौट गर्दा सभापति देउवाको सिफारिसमा परेका विमल ठकुरी, आरजु देउवाको सिफारिसमा परेकी विनु रायमाझी र गगन थापाको सिफारिसमा परेका सुरेश श्रेष्ठ मन्त्री बन्न पाएनन् । सभापति बानियाँको कोटामा मन्त्री बन्न दौरा सुरुवालमा सजिएका मिनकृष्ण महर्जन पनि मन्त्री बन्न पाएनन् ।

तामाङ समुदायबाट पहिलो मन्त्री बनेका कांग्रेसका नेता लामाको क्याबिनेटमा दलित र पिछडिएको वर्गले मन्त्री नपाउने भएको छ । दुबै दलले जनजाति समुदायबाट मन्त्री समेटे पनि दलित र पिछडिएको वर्ग भने मन्त्रिपरिषद्मा समेट्न सकेन । केन्द्रीय सरकारमा पनि दलित समुदाय मन्त्रीमा नसिमेटिएको अवस्थामा प्रदेशमा भने मन्त्री बनाउने चर्चा चुलिएको थियो । कांग्रेस-एमालेबाट एक जना दलित र पिछडिएको क्षेत्रबाट मन्त्री बन्ने तर्क नेताहरुको थियो । तर, मन्त्री छनौटमा दुबै दलले समावेशीतालाई त्यति चासो देखाएनन् । दलहरुको चासोमा नपर्दा मन्त्रीको सूचिमा रहेका दलित समुदायबाट निर्वाचित प्रदेश सभा सदस्यहरु पनि रित्तो हुन परेको छ ।

### सन्तुलन मिलाउन सकिएनः मुख्यमन्त्री लामा

मुख्यमन्त्री लामाले मन्त्री छनौटमा सन्तुलन कायम गर्न नसकेको बताउनुभयो । केही प्राविधिक समस्या र असमझदारीका कारण बुधबार नै मन्त्री छनौट गरेर सरकारलाई पूर्णता दिन नसकेको उहाँले बताउनुभयो ।

मन्त्रिपरिषद्लाई केही दिनमा नै पूर्णता दिने बताउँदै मुख्यमन्त्री लामाले सबै क्षेत्रलाई समेट्ने प्रयत्न हुने बताउनुभयो । कांग्रेसले हरेक समुदाय र वर्गको सम्मान हुनेगरी सरकारमा मन्त्री पठाउने उहाँको भनाइ छ । मुख्यमन्त्री बनेकै दिन निर्णायक क्षमतामा कमजोर देखिनुभएका मुख्यमन्त्री लामाले सबै पक्षसँगको सहकार्यमा सरकारले पूर्णता पाउने बताउनुभयो । उहाँका अनुसार व्यक्तिको निर्णायक क्षमताभन्दा पनि सन्तुलित समीकरण र समावेशीताको विषयलाई गम्भिरताका साथ लिएको छु ।

'निर्णायक माथि क्षमता कमजोर होइन । हामीले निर्णय गर्न लागेका पनि छौं । निर्णयमा कुनै प्रकारको कमी कमजोरी नहोस् भन्ने हाम्रो चाहना हो । यो एउटा बाध्यात्मक परिस्थितिका कारण आजको घटना भयो । हामी ढिलै भएपनि राम्रो हुनुपर्छ भन्ने हुन्छ । काँग्रेसभित्रको मन्त्रीहरु त्यस्तो टुंग्याउन समस्या छैन । हामीले समन्वय गर्नुपर्ने भएकाले अलिकति समय लागेको हो ।' उहाँले भन्नुभयो ।

# भुटनदेवीले निकाल्यो खुसियाली र्‍याली

समाज संवाददाता

हेटौँडाः हेटौँडा-४, स्थित भुटनदेवी माध्यमिक विद्यालयले माध्यमिक शिक्षा परीक्षा (एसईई) मा राम्रो नतीजा ल्याएको खुसियाली र्‍याली निकालेको छ । सामुदायिक विद्यालयतर्फ राम्रो नतीजा हासिल गर्न सफल भएको भन्दै बुधबार विद्यालयले खुसियाली र्‍याली निकालेको हो ।


विद्यालय परिसरबाट सुरु भएको र्‍याली पारिजातपथ, शितलमहल चोक, कपुर कम्प्लेक्स चोक, मेनरोड, लोकप्रिय चोक हुँदै मानसचोक, काँग्रेसचोक, सँगमचोक, कान्तिराजपथबाट पुनः विद्यालयको परिसरमा आएर समापन भएको थियो । खुसियाली र्‍यालीमा वडा अध्यक्ष तथा विद्यालय व्यवस्थापन समितिका अध्यक्ष नवीन सिग्देल, वडाका प्रतिनिधि, शिक्षक, कर्मचारी, १० कक्षाका विद्यार्थी सहभागी थिए ।

भुटनदेवी माविले “मकवानपुरको शिक्षामा शान, गुणस्तरीय शिक्षा भुटनदेवीको पहिचान” भन्ने नारा नै बनाएको छ । २०८० सालको एसईईमा भुटनदेवी माविबाट २ सय ४१ जना विद्यार्थी सहभागी भएकोमा १ सय ७९ जना विद्यार्थी कक्षा ११ मा भर्ना हुन योग्य भएका छन् । १२ कक्षासम्म पठनपाठन हुने भुटनदेवी माविमा २ हजार ३ सय विद्यार्थी अध्ययनरत छन् ।

# खाद्यान्न र फलफुल सहयोग

समाज संवाददाता

हेटौँडाः हेटौँडा-५, पिप्लेस्थित सञ्जीवनी बचत तथा ऋण सहकारी संस्था लिमिटेडको २४ औं स्थापना दिवसको अवसरमा हेटौँडा-१५, रातोमाटेस्थित दिव्यसेवा निकेतन ज्येष्ठ नागरिक सेवा केन्द्रलाई खाद्यान्न र फलफुल सहयोग गरेको छ । बुधबार विहान आश्रममै पुगेर सहकारीकी अध्यक्ष जानकी चौधरी, व्यवस्थापक प्रकाश बहादुर खनालसहित सहकारीका पदाधिकारी तथा कर्मचारीले सहयोग हस्तान्तरण गरेको हो । आश्रमलाई १५ हजार रुपैयाँ बराबरको खाद्यान्न तथा फुलफल सहयोग गरिएको व्यवस्थापक खनालले बताउनुभएको छ । ३ हजार ४ सय ७० जना सेयर सदस्य रहेको सहकारीको सेयर पुँजी ३ करोड ४३ लाख रुपैयाँ रहेको छ ।



## जनस्वास्थ्य कार्यालय मकवानपुरद्वारा जारी

**सूचना सूचना सूचना**

मकवानपुर जिल्ला अन्तर्गत संचालनमा रहेको सम्पूर्ण सहकारी/सामुदायिक/निजी अस्पताल/पोलिक्लिनिक/दन्तसेवाहरु सरकारलाई वास्तविक स्वास्थ्य संस्थाहरुको तथ्यांकीय विवरण प्राप्त हुनु, आमनागरिकले स्वास्थ्य सम्बन्धि सेवाहरु प्रदान गर्ने स्थान र प्रक्रियाको बारेमा सहज पहुँच हुन, नियमित दर्ता तथा नवीकरण हुनका लागि जानकारी आदानप्रदान गर्न र स्वास्थ्य संस्थाको कर्मचारी विवरणलगायत अन्य र प्रदान गरिने सेवाहरुको अध्यावधिक नियमित हुनका लागि यस जिल्ला स्थित सम्पूर्ण तहमा समन्वय गरी उक्त विवरण NEPAL HEALTH FACILITY REGISTRY (https://nhfr.mohp.gov.np) मा अनिवार्य रुपमा यथाशिघ्र प्रविष्ट गरी आफ्नो दायित्व पूरा गरिदिनुहुन अनुरोध छ ।

**सम्पर्क व्यक्ति**
**भागरथ प्रसाद रौनियार**
**तथ्यांक अधिकृत**
**मो नं. ९८१७३८०८५८**

## जनस्वास्थ्य कार्यालय मकवानपुरद्वारा जारी

**सूचना सूचना सूचना**

स्वास्थ्य सेवा नियमावली २०७७ को दफा १५ मा व्यवस्था भए बमोजिम “प्रत्येक स्वास्थ्य संस्थाहरुले आर्थिक वर्ष समाप्त भएको मितिले एक महिना भित्र इजाजत प्रदान गरेको निकाय समक्ष मन्त्रालयले तोके बमोजिमको विवरण सहितको स्वमूल्यांकन प्रतिवेदन पेश गर्नुपर्ने” हुँदा मकवानपुर जनस्वास्थ्य कार्यालय अन्तर्गतमा दर्ता/नवीकरण भई संचालनमा रहेको सम्पूर्ण सहकारी/सामुदायिक/निजी अस्पताल/पोलिक्लिनिक/दन्तसेवाहरुले तोकेको समय भित्र अनिवार्य रुपमा न्यूनतम सेवा मापदण्डको आधारमा स्वमूल्यांकन तयार पारी सम्बन्धित निकायमा पठाउन हुन अनुरोध छ । संस्थाको तह अनुसारको न्युनतम सेवा मापदण्ड बारेमा www.msshealth.org.np मा गई जानकारी प्राप्त गर्न सकिने व्यहोरा अनुरोध छ ।

**सम्पर्क व्यक्ति**
**भागरथ प्रसाद रौनियार**
**तथ्यांक अधिकृत**
**मो नं. ९८१७३८०८५८**

स्थानीय सरकार
## कैलाश गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
कालिकाटार, मकवानपुर
बागमती प्रदेश, नेपाल

## सेवा करारमा कर्मचारी पदपूर्ति गर्ने सम्बन्धी सूचना

*(प्रथम पटक सूचना प्रकाशित मितिः २०८१/४/१०)*

यस कैलाश गाउँपालिकामा देहायका पदहरुमा करार सेवामा कर्मचारीहरु पदपूर्ति गर्नुपर्ने भएकोले निम्न बमोजिम योग्यता पुगेका ईच्छुक नेपाली नागरिकहरुले १५ (पन्ध्र) दिन (मिति २०८१ श्रावण २४ गते) भित्र आवश्यक कागजातसहित दरखास्त पेश गर्नुहुन यो सूचना प्रकाशन गरिएको छ ।

**तपसिल**

| क्र.सं. | विज्ञापन नं.- | पद | तह | माग सङ्ख्या | दस्तुर |
|---|---|---|---|---|---|
| १ | १-०८१/८२ | रोजगार संयोजक | अधिकृतस्तर छैटौं | १ | १,०००।- |
| २ | २-०८१/८२ | रोजगार सहायक | सहायक स्तर पाँचौं | १ | ५००।- |
| ३ | ३-०८१/८२ | कृषि सेवा, भेटेरिनरी समूह, ना.प.स्वा.प्रा. | सहायकस्तर चौथो | २ | ५००।- |

**१. आवश्यक न्यूनतम योग्यता र अनुभवः-**

**रोजगार संयोजक,**
क. मान्यता प्राप्त शिक्षण संस्थाबाट स्नातक वा सो सरह उत्तीर्ण गरेको,
ख. उमेर - २१ बर्ष पूरा भई ४५ बर्ष ननाघेको,
ग. छनौटको किसिमः- प्रारम्भिक योग्यताक्रम सूची, सेवा सम्बन्धी लिखित र कम्प्युटर सम्बन्धी प्रयोगात्मक परीक्षा हुने
घ. सेवा सुविधा :- “रोजगार संयोजकको पदपूर्ति र सेवा सुविधा सम्बन्धी मापदण्ड, २०७८” बमोजिम

**रोजगार सहायक,**
क. मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तिमा प्रविणता प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण गरेको,
ख. उमेर :- दरखास्त दिने अन्तिम मितिमा १८ बर्ष पूरा भई ४५ बर्ष ननाघेको,
ग. आधारभूत कम्प्युटर सीप सम्बन्धी कम्तिमा ३ महिनाको तालिम लिएको,
घ. छनौटको किसिमः- प्रारम्भिक योग्यताक्रम सूची, सेवा सम्बन्धी लिखित र कम्प्युटर सम्बन्धी प्रयोगात्मक परीक्षा हुने ।
ङ. सेवा सुविधाः- “स्थानीय तहमा प्राविधिक सहायक र रोजगार सहायक पदपूर्ति सम्बन्धी मापदण्ड, २०७८” बमोजिम ।

**कृषि सेवा, भेटेरिनरी समूह, ना.प.स्वा.प्रा.,**
क. मान्यता प्राप्त शिक्षण संस्थाबाट एस.एल.सी. उत्तीर्ण गरी न्युनतम एक वर्षे जे.टी.ए. (पशुविज्ञान, पशुपालन, पशुस्वास्थ्य) विषयमा तालिम प्राप्त वा कृषि (पशुपालन, पशुस्वास्थ्य) विषय लिई टी.एस.एल.सी. उत्तीर्ण भएको,
ख. उमेर :- १८ बर्ष पूरा भई ४० बर्ष ननाघेको,
ग. छनौटको किसिमः- वस्तुगत र अन्तरवार्ता परीक्षा हुने,
घ. सेवा सुविधा :- प्रचलित नियमानुसार ।

२. दरखास्त दिने स्थानः कैलाश गाउँ कार्यपालिकाको कार्यालय, कालिकाटार अथवा kailashrmadm@gmail.comdf mail मार्फत पेश गर्न सकिनेछ ।
३. दरखास्त दिने अन्तिम मितिः मिति २०८१/४/२४ गते कार्यालय समयभित्र ।
४. आवेदन दस्तुर बुझाउने बैंक खाताः सानिमा बैंक, कैलाश शाखामा रहेको खाता नं.०६५०११०२००००००२ GA–1.1 (आन्तरिक राजस्व खाता) मा रकम जम्मा गरी सक्कल भौचर पेश गर्नुपर्ने ।
५. आवेदनसाथ संलग्न गर्नुपर्ने कागजातहरुः आवेदक स्वयम्ले प्रमाणित गरेको देहाय बमोजिमको कागजातको प्रतिलिपिहरुः-
क. नागरिकता
ख. न्युनतम योग्यताको लाब्धांक प्रमाणपत्र
ग. चारित्रिक प्रमाणपत्र
घ. कम्प्युटर तालिमको प्रमाणपत्र
ङ. अनुभव भए सोको कागजात
च. २ प्रति पासपोर्ट साइजको फोटो

**(पुनश्च**ः रोजगार संयोजक र रोजगार सहायकको आवेदनको ढाँचा प्रधानमन्त्री रोजगार कार्यक्रमको वेभसाइट www.pmep.gov.np बाट साथै कैलाश गाउँपालिकाको वेभसाइट kailashrmadm@gmail.com को विद्युतीय सुशासन सेवा भित्र रहेको नमुना फारामहरुबाट डाउनलोड गर्न सकिनेछ ।)

**प्रमुख प्रशासकीय अधिकृत**

# राष्ट्रिय जुडोमा दोस्रो हुने बागमतीका खेलाडीलाई सम्मान



समाज संवाददाता

हेटौंडाः १९ औं संस्करणको राष्ट्रिय जुडो प्रतियोगितामा दोस्रो हुने बागमती प्रदेशका खेलाडीहरुलाई सम्मान गरिएको छ। नेपाल जुडो महासंघको आयोजनामा भएको प्रतियोगितामा दोस्रो हुन सफल भएको बागमती प्रदेशका खेलाडीहरुलाई सम्मान गरिएको हो।

बागमती प्रदेश जुडो संघले काठमाडौं महानगरपालिकाको दशरथ रंगशालास्थित जुडो कभर्ड हलमा एक कार्यक्रमबीच प्रदेशबाट सहभागी हुने १८ जनामध्ये पदक प्राप्त गर्न सफल ८ जना खेलाडीहरुलाई नगद र प्रमाणपत्र प्रदान गर्दै सम्मान गरेको छ। प्रदेशको प्रतिनिधित्व गरेर प्रथम, द्वितीय र तृतीय हुने खेलाडीहरुलाई ५ हजार रुपैयाँ, २ हजार रुपैयाँ र १ हजार रुपैयाँसहित सम्मानपत्र प्रदान गरिएको हो।

प्रतियोगितामा सहभागी हुने खेलाडीहरुलाई पनि सम्मानपत्र प्रदान गरिएको छ। प्रदेशबाट सहभागी भएर महिलातर्फ निशा श्रेष्ठ, देवकीमाया श्रेष्ठ र रञ्जना खड्का प्रथम भएका छन् भने रेखा श्रेष्ठ र सुनिल नगरकोटी द्वितीय भएका हुन्। यस्तै, मनोज आचार्य, आकाश आले मगर र रामभक्त तामाङ तृतीय भएका छन्।

३ दिनसम्म सञ्चालन भएर सम्पन्न भएको राष्ट्रिय जुडो प्रतियोगितामा बागमतीसहित ७ प्रदेश र ३ वटा विभागीय टोली गरी १० वटा टिमको सहभागिता रहेको थियो। ७ प्रदेशमध्ये बागमतीले दोस्रो स्थान हासिल गर्न सफल भएको हो। बागमतीले ३ वटा स्वर्ण, २ वटा रजत र ३ वटा कास्यगरी ८ वटा पदक प्राप्त गर्दै द्वितीय हुन सफल भएको हो।

उपविजेता बन्न सफल भएको बागमती प्रदेशको टिमले १५ हजार रुपैयाँसहित शिल्ड, मेडल तथा प्रमाणपत्र प्राप्त गरेको छ। प्रतियोगितामा टिम कोच आकृति जोशी हुनुहुन्थ्यो। प्रदेश खेलकुद विकास परिषद्का निवर्तमान सदस्यसचिव सूर्यलाल भण्डारीले पनि सम्मान कार्यक्रममा सहयोग गर्नुभएको छ।

प्रदेश जुडो संघका अध्यक्ष मदन उप्रेतीको सभाध्यक्ष तथा जुडो संघका केन्द्रीय महासचिव प्रलोकचन्द्र पाण्डेको प्रमुख आतिथ्यमा सम्मान कार्यक्रम भएको हो। सम्मान कार्यक्रमलाई सम्बोधन गर्नुहुँदै अध्यक्ष उप्रेतीले अन्य प्रदेशले खेलाडीहरुको प्रोत्साहनको काम नगरेकोमा बागमती प्रदेशले प्रोत्साहनको कामलाई प्राथमिकता दिएको बताउनुभयो। सबै खेलाडीहरुले टिम कोअर्डिनेशन गरेर खेल खेलेमा उत्कृष्ट नतिजा हासिल गर्न सफल हुने उहाँले बताउनुभयो। व्यक्तिहरुको इच्छाले मात्र नभई कुनै प्रतियोगितामा सहभागी हुने क्रममा टिमको इच्छा पनि हुनुपर्ने उहाँले बताउनुभयो। सम्मान कार्यक्रममा संघका प्रदेश सचिव राजीव प्रधानलगायत विभिन्न पदाधिकारीहरुको उपस्थिति रहेको थियो।

# लागुऔषधसहित भारतीय नागरिक पक्राउ

समाज संवाददाता

हेटौंडाः लागुऔषधसहित एकजना भारतीय नागरिकलाई मकवानपुर प्रहरीले पक्राउ गरेको छ। २ ग्राम १३ मिलिग्राम लागूऔषध खैरो हेरोईन र १ सय ग्राम गाँजासहित बुधबार बिहान ११ बजेर ४० मिनेटको समयमा हेटौंडा-४, नेपालचोकमा डेरा गरी बस्ने भारतीय नागरिकलाई प्रहरीले पक्राउ गरेको हो।

भारतको पूर्वी चम्पारणका २६ बर्षीय नितेश कुमार बर्णवाललाई विशेष सूचनाको आधारमा प्रहरीले लागुऔषधसहित पक्राउ गरेको हो। प्रहरीले बर्णवालको साथबाट तौल गर्ने डिजिटल मेसिन समेत फेला पारेको जनाएको छ। मकवानपुर जिल्ला अदालतबाट १० दिनको म्याद अनुमति लिई बर्णवाललाई हिरासतमै राखी अनुसन्धान गरिरहेको प्रहरीले जनाएको छ।

# उपचारको क्रममा सुन्तलीको मृत्यु, बविता मृत फेला

समाज संवाददाता

हेटौंडाः धादिङ जिल्लाको धुनिवेशी नगरपालिका-२, भैंटारमा एक महिलाको मृत्यु भएको छ। मृत्यु हुनेमा ३६ वर्षीया सुन्तली राई रहेको बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाले जानकारी दिएको छ।

मंगलबार दिउँसो ३ बजेको समयमा सुन्तली घाँटीमा टन्सिल भई स्थानीय औषधी पसलबाट औषधि खाएको ४ घण्टापछि बेहोस भएकी थिईन्। बेहोस सुन्तलीलाई उपचारका लागि ग्रीन सिटि अस्पताल काठमाडौं लगिएकोमा उपचारको क्रममा राती ८ बजेर ३८ मिनेटमा मृत्यु भएको प्रहरीले जनाएको छ। बुधबार बिहान २ बजेको समयमा धुनिवेशी नगरपालिका-९ जुगेडीमा रहेको पाल्पा सिलिटो मेडिकल हलका सञ्चालक ५५ वर्षीय हरेन्दा राई र छोरा २१ वर्षीय मनिटम राईलाई नियन्त्रणमा लिई इलाका प्रहरी कार्यालय खानिखोला लगी अनुसन्धान गरिरहेको प्रहरीले जनाएको छ।

यस्तै चितवन जिल्लाको भरतपुर महानगरपालिका-६, देवनगरमा एक महिला मृत फेला परेकी छिन्। मृत फेला पर्नेमा नुवाकोट जिल्लाको बेलकोटगढी नगरपालिका-९, जिलिङ घर भई हाल रत्ननगर नगरपालिका-९, खगेरी बस्ने ३३ वर्षीया बविता भट्ट रहेको बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाले जानकारी दिएको छ। मंगलबार दिउँसो २ बजेर ३७ मिनेटको समयमा भट्ट बीस हजारी तालको गेट नजिक खगेरी सिंचाइ नहरमा मृत अवस्थामा फेला परेकी थिईन्। भट्ट सिचाइको पोखरी फार्ममा काम गर्दै आएको प्रहरीले जनाएको छ।

# कैलाशमा पहिलो त्रैमासिक परीक्षा भदौमा

समाज संवाददाता

हेटौंडाः मकवानपुरको कैलाश गाउँपालिकाले पहिलो त्रैमासिक परीक्षा भदौ ६ गतेबाट सञ्चालन गर्ने भएको छ। परीक्षाका लागि प्रश्नपत्र र उत्तरपुस्तिका गाउँपालिकाले नै उपलब्ध गराउने भएकाले परीक्षा भदौमा राखिएको गाउँपालिकाका शिक्षा शाखा प्रमुख दीपेन्द्र अधिकारीले जानकारी दिनुभयो।

परीक्षा शैक्षिक शैक्षिक क्यालेण्डर अनुसार हुने भएको उहाँले जानकारी दिनुभयो। गत वर्षदेखि गाउँपालिकाले नै परीक्षा सञ्चालन गर्दै आएकाले परीक्षा भदौमा गर्न लागिएको हो।

गाउँपालिकाले तीनवटा विद्यालयमा ८, ९ र १० का विद्यार्थीलाई अतिरिक्त कक्षा सञ्चालन गरेको छ। गाउँपालिकाका शिक्षा शाखा प्रमुख अधिकारीका अनुसार गाउँपालिकाले खाजा र खानाको व्यवस्थासहित विद्यार्थीलाई अतिरिक्त कक्षा सञ्चालन गरेको हो। गाउँपालिकामा ६ वटा मावि, ४२ वटा आधारभूत विद्यालय छन्। आधारभूतमध्ये ४ वटा विद्यालयमा कक्षा ८ सम्म पठनपाठन हुने गरेको छ। गाउँपालिकाका विद्यालयमा हाल ५ हजार ३ सय जना विद्यार्थी अध्ययनरत रहेका छन्। गत वर्षको तुलनामा यस वर्ष ५ सय जना विद्यार्थी घटेका छन्। विद्यार्थी घट्नुको प्रमुख कारण बसाइँसराइ रहेको उहाँले जानकारी दिनुभयो। राम्रो शिक्षाका लागि अभिभावकहरु बसाइँ सरेर सहरी क्षेत्रमा जाने र निजी विद्यालयमा पठनपाठन गराउने भएकाले विद्यार्थी संख्या वर्षेनि घट्दै गएको उहाँको भनाइ छ।

# थाहा नगरका ३ युवा भरतपुरमा अचेत भेटिए

समाज संवाददाता

हेटौंडाः मकवानपुरको थाहा नगर पालिकाका ३ जना युवा चितवन जिल्लाको भरतपुर महानगरपालिकामा अचेत अवस्थामा भेटिएका छन्। भरतपुर महानगरपालिका-१० स्थित होटल आगमनमा उनीहरु अचेत अवस्थामा भेटिएको बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाले जनाएको छ।

होटलमा नशालु पदार्थ सेवन गरी अचेत अवस्थामा रहेको भन्ने जानकारी प्राप्त भएपछि प्रहरी घटनास्थलमा पुगेको थियो। प्रहरीले नशालु औषधी सेवन गरी अचेत अवस्थामा भेटिएका थाहा नगर पालिका-४, पालुङका २४ बर्षीय राज कुमार घले, २२ बर्षीय रोहन खत्री र २३ बर्षीय अनिश खत्रीलाई प्रहरीले उद्दार गरी अस्पताल पठाएको जनाएको छ। मंगलबार राती १० बजेर ४५ मिनेटको समयमा उनीहरुलाई अचेत अवस्थामा भेटिएको प्रहरीले जनाएको छ।

# सुशासनको प्रत्याभूति गर्नेगरी काम गर्छौं: मुख्यमन्त्री लामा



समाज संवाददाता

हेटौंडाः बागमती प्रदेशका नवनियुक्त मुख्यमन्त्री बहादुर सिं लामाले जनतालाई सुशासनको प्रत्याभूति दिलाउने गरी सरकारको कामकाज अघि बढाउने बताउनुभएको छ। मुख्यमन्त्री लामाले नागरिकको अपेक्षा अनुसारको विकास र सेवा प्रवाहमा प्रदेश सरकार संवेदनशील भएर अघि बढ्ने बताउनुभयो।

बुधबार पदभार ग्रहणपछि सञ्चारकर्मीहरुसँग कुराकानी गर्नुहुँदै मुख्यमन्त्री लामाले जनताको आवश्यकता अनुसारको योजनामा काम गर्ने बताउनुभयो। सुशासन र वित्तीय अनुशासन कायम गरी गरिब, निमुखीका लागि प्रदेश सरकारले शिक्षा, स्वास्थ्य, खानेपानी लगायतका क्षेत्रहरुमा प्राथमिकता दिएर काम गर्ने उहाँको भनाई छ। प्रदेश सरकारले उत्पादनमूलक क्षेत्रमा लगानी गरी नागरिकको आयआर्जन वृद्धिमा जोड दिने मुख्यमन्त्री लामाले स्पष्ट पार्नुभयो।

मुख्यमन्त्री लामाका अनुसार संविधानको व्यवस्था अनुसारको अधिकार कार्यान्वयनमा प्रदेश सरकार गम्भिरताका साथ अघि बढ्नेछ। प्रदेशको एकल अधिकारलाई सुनिश्चित गर्ने सरकारको प्राथमिकतामा रहेको उहाँले बताउनुभयो। संघ, प्रदेश र स्थानीय तहको कानुनलाई समन्वयकारी बनाएर आर्थिक समृद्धिमा अगाडि बढ्ने मुख्यमन्त्री लामाको भनाई छ। तीन वटै तहका सरकारले देख्ने कामको सुनिश्चित गर्नेगरी वर्तमान गठबन्धन सरकारले काम गर्ने मुख्यमन्त्री लामाले उल्लेख गर्नुभयो। राजनीतिक स्थायित्वका लागि वर्तमान गठबन्धन सरकारले उपलब्धीमूलक काम गर्ने उहाँको दावी छ।

# फास्ट ट्र्याकमा मजदुरको मृत्यु

समाज संवाददाता

हेटौंडाः काठमाडौं-तराई/मधेश फास्ट ट्र्याकको निर्माणाधिन सुरुङमा काम गर्ने क्रममा एकजना मजदुरको मृत्यु भएको छ। अर्का एकजना गम्भीर घाइते भएको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जनाएको छ।

बुधबार दिउँसो साढे ३ बजेको समयमा मकवानपुर जिल्लाको बकैया गाउँपालिका-१२, चालिसेडाँडामा निर्माणाधिन फास्ट ट्र्याकको सुरुङमार्गभित्र काम गर्ने क्रममा ढुङ्गाले लागेर बारा जिल्लाको निजगढ नगरपालिकाका २८ बर्षीय बिमल थिङको घटनास्थलमै मृत्यु भएको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जनाएको छ। सुरुङमार्गमै ढुंगाले लागेर तनहुँ जिल्ला घर भई हाल फास्ट ट्र्याकको निर्माण कार्यमा संलग्न २८ बर्षीय राजु बिकको ढाड र कम्मरमा चोट लागेको छ। बिकको अवस्था गम्भीर रहेको र उपचारका लागि हेटौंडास्थित चुरेहिल हस्पिटल पठाइएको प्रहरीले जनाएको छ।

# हेटौंडा अस्पतालको एम्बुलेन्समा समस्या

समाज संवाददाता

हेटौंडाः हेटौंडा अस्पतालको एम्बुलेन्सहरुमा विभिन्न प्रकारका समस्या देखिएको छ। बिरामीलाई ओसारपसार गर्ने एम्बुलेन्समै समस्या आएपछि बिरामीले समयमै उपचार नपाउने जोखिम देखिएको हो।

हेटौंडा अस्पतालमा तीन वटा एम्बुलेन्स रहेको छ। तीमध्ये एउटा एम्बुलेन्समात्र निरन्तर सञ्चालन हुनसक्ने र टाढासम्म जाने अवस्थामा छ। आफ्नो साधन नभएका बिरामीहरु अन्य संस्थाले सञ्चालन गरेको एम्बुलेन्स अथवा अटोको सहारामा अस्पताल आइरहेका छन्। भारतको सहयोगमा अस्पतालले पाएको एम्बुलेन्समा ग्राउण्ड क्लियरेन्स नभएको कारण टाढा नजाने अस्पतालका निर्देशक प्रा.डा. धीरेन्द्र गिरीले जानकारी दिनुभयो। उक्त एम्बुलेन्समा एक पटकमा दुई जना बिरामी राख्न सकिन्छ। प्रा.डा. गिरीका अनुसार उक्त एम्बुलेन्स महिनाको करिब दुई पटकमात्र प्रयोगमा आउने गरेको छ।

यस्तै, अर्को एम्बुलेन्सले धेरै पेट्रोल खपत गर्ने भएकाले धेरै प्रयोगमा आउन नसक्ने गिरीको भनाइ छ। हेटौंडा अस्पताललाई नेपाल-भारत मैत्री संघले एउटा एम्बुलेन्स सहयोग गरेको थियो। थप दुई एम्बुलेन्स भने स्वास्थ्य मन्त्रालय र आपूर्ति मन्त्रालयले सहयोग गरेको थियो।

हेटौंडा रिफरेन्स ल्याबरोटरी
ELISA, CLIA तथा फुल्लि अटोमेटेड मेसिनद्वारा रगतको स्पेसल जाँचहरु गरिन्छ।
Papcytology

-थाईराईड
-क्यान्सर
-रक्तअल्पता
-वाथरोग
-बाँझोपन
-भाइरस सम्बन्धी सम्पूर्ण परीक्षण गरिन्छ।
साथै रगत, दिसा, पिसाब, पिप कल्चर समेत गरिन्छ।
(HRL)
खुल्ने समयः विहान ७:00 बजेदेखि बेलुका ७:00 बजेसम्म
सञ्चालनको छोटो अवधिमै हाम्रो सेवालाई विश्वास गर्दै सेवा गर्ने अवसर दिनुहुने सम्पूर्ण सेवाग्राहीप्रति आभारसहित अब प्रत्येक महिनाको दोस्रो शनिबार सुगर जाँच निशुल्क र चौथो शनिबार थाइराइड जाँचमा ५0 प्रतिशत छुट हुने सहर्ष जानकारी गराउँदछौं।
थप जानकारीको लागि HRL
हेटौंडा रिफरेन्स ल्याबरोटरी
हेटौंडा-१, भिन्तुनापथ सम्पर्क फोन नं.: ०५७-५२०४५७




जनसंख्यालाई शक्ति र साधनको रूपमा उपयोग गरौं।
- जनसंख्याको असमान वितरणलाई रोकौं,
- आप्रवासीका समस्या समाधान गरौं,
- लैङ्गिक समानता कायम गरौं,
- सीमान्तकृत र लोपोन्मुख अवस्थामा रहेका जनसंख्याको संरक्षण गरौं,
- व्यवस्थित बसोबास गरौं र गराऔं,
- अव्यवस्थित बसोबासबाट पर्यावरणमा पर्ने प्रभाव न्यूनीकरण गरौं,

बस्ती विकासलाई व्यवस्थित गरौं।
नेपाल सरकार
विज्ञापन बोर्ड

समृद्धि प्रकाशन प्रा.लि. द्वारा प्रकाशित, ठेगानाः हेटौंडा-४, अजरअमररोड, ०५७-५२६८३०, Email:sambridhasamaj@gmail.com, website:www.samriddhasamaj.com, प्रबन्ध निर्देशकः रोजिना श्रेष्ठ, सम्पादकः सुरेश श्रेष्ठ